# कर्णालीमा जैविक स्रोत, उद्यम र गरीवी निवारण

**भीष्म प्रसाद सुवेदी**
**कार्यकारी निर्देशक**
**एन्साब**

धेरै पटक कर्णालीको गरीवीका पिडाहरु लेखिए, त्यहाँका व्यथाहरु सुनाइए । र अझै पनि धेरै पत्रपत्रिका, पुस्तक, सभा तथा समारोहहरुमा यस्तै चर्चा भैरहेका छन । अब त यस्तो भैसक्यो, कर्णाली एउटा भौगोलिक क्षेत्र भन्दा पनि बढी विपन्नता, विकटता र गरीवी झल्काउने शब्द हो ।

के कर्णालीका हरेक पक्षहरु गरीवीको परिभाषा भित्र पर्छन ? यो चाँहि पक्कै हैन । कर्णाली संस्कृतिमा धनि छ, प्राकृतिक सौन्दर्य र जैविक विविधतामा धनी छ । अझ यस भित्र भन्नु पर्दा कर्णाली वन क्षेत्रमा धनी छ, त्यहाँ भित्र भएका जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारहरुमा धनी छ । अहिले मलाई कर्णालीका अरु सबै कुरा छाडेर वन क्षेत्रको कुरा गर्न मन लाग्यो किनभने त्यहाँको वन सम्पदा, मानिसहरुको जीवन र जीवीकोपार्जन बिचको सम्बन्धले ममा धेरै समय पहिले देखि छाप पार्दै आएको छ ।

नेपालको दुर्गम मानिने कर्णाली क्षेत्र भित्रका ५ वटा जिल्लाहरु हुम्ला, जुम्ला, डोल्पा, मुगु र कालीकोटमा पुग्न हवाईजहाजकै सहारा लीनु पर्छ । मोटरबाटोको सुबिधाको त कुरै छाडौ, अग्ला हिमाल र डर लाग्दा भिर पाखाहरुको बिचमा सबै ठाउँमा बाटो निर्माण गर्नु आफैमा एक चुनौतीपुर्ण कुरा हो । जहाजको सहारा लीईसकेपछि पनि केही दिनको बाटो हिड्नु भनेको त यहा सामान्य कुरा हो ।

यहाका ५७ प्रतिशत मानिसहरु गरीवीको रेखामुनी रहेका छन् । जीवीकोपार्जनका आधारहरु खोज्न सकिने मध्येको एउटा उपाय कृषि हो, जसको लागि जम्मा ५ प्रतिशत भन्दा पनि कम क्षेत्र मात्र उपलब्ध छ र ६० प्रतिशत भुभाग कहि कडा चट्टान त कहि हिउँले नै ढाकिएको छ । जिविकोपार्जन कठिन छ । तर यो क्षेत्र विश्वमै महत्वपूर्ण जैविक विविधताले भने सम्पन्न छ । त्यसैले यस्तो लाग्छ, कर्णालीमा दुर्गमता, गरिवी र जैबिक विविधता बिच गहिरो सम्बन्ध छ, जुन यहाका स्थानीय समुदायको जीवीकोपार्जन र विकासका सवालहरुमा साह्रै महत्वपुर्ण देखिन्छ ।

कर्णालीमा ब्यापारिक दृष्टिकोणले समेत महत्वपुर्ण मानिने धेरै जडीवुटीहरु पाईन्छन् । जसमध्ये यार्सागुम्बा, जटामसी, कुट्की, अतिस, विष, विषमा, निरमसी, धुपी, झ्याउ, पदमचाल, पाषणवेद, पाँचऔले, शिलाजित, गुच्चीच्याउ, सोमलता, सतुवा, सुनपाती, लघुपत्र, सुगन्धवाल, लौठसल्ला, तलिसपत्र, चिराईतो आदिको नाम लिन सकिन्छ । यीनको उचीत पुनरुत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन कमी छ तर सम्भावनाहरु भने नभएका होईनन् ।

अधिकांश कर्णालीबासीहरु गरीब र अशिक्षित छन् यो यथार्थ हो, उनीहरु सुनेपछि र देखेपछि राम्रो सँग बुझ्छन्, यो पनि यथार्थ हो । यहा मलाई हुम्लाको थाली सामुदायिक वनको एउटा प्रसंगको सम्झना आयो । समुदायका एक जना बृद्धले सामुदायिक बन र जटामसी तेल उद्यमले राम्रो गर्‍यो भन्दै सुनाउदै थिए, “हामी अण्डा पाउन कुखुरा पाल्छौ । हाम्रो बन त झन् सुनको अण्डा पार्ने कुखुरा रैछ ।” त्यतीखेर मलाई यस्तो लाग्यो, कर्णालीमा स्रोत उपयोगका उपाय, साधन र अधिकार प्राप्त हुने हो भने महिला देखि बृद्धसम्म सोच र समझदारीको अभाव नै विकासको वाधक हुने छैन ।

कर्णालीमा बिगत एक दशक भन्दा बढि समयदेखी काम गर्दाका हरेक समयहरु ह्याम्रा लागि चनौतीपूर्ण रहे । हामीले स्थानीय समुदायहरुको सहभागीतामा सधै त्यहाको जैबिक विविधताको संरक्षण, उद्यम बिकास र जीवीकोपार्जनका सम्भावनाहरु खोज्यौ । यसै क्रममा जुम्लामा ढटेलो तेल उद्यम, हुम्लामा जटामसी तेल

उद्यम, मुगुमा साबुन उद्यम स्थापना भए । त्यस्तै सामुदायिक वन उपभोक्ता समूहहरुले डोल्पामा गुच्चीच्याउ र यार्सागुम्बा लगायतका जडीबुटीको व्यवस्थित उत्पादन र विक्रीको चाजो पाजो मीलाउँदै छन् भने अन्य जिल्लामा व्यवस्थित संकलन र वितरणका कार्यहरु अगाडी बढाईदैछन् । नीतिगत सवालहरुमा पनि राष्ट्रिय देखि स्थानीय स्तरमा नै केही सुधार भएको पाईन्छ । जस्तै सामुदायिक वनको कार्ययोजनामा जडीबुटी लगायत गैर काष्ठ वन पैदावारहरु समावेश गरी व्यवस्थित संकलन र विक्री बितरण गर्ने व्यवस्था भयो भने संकलन, विक्री वितरणका प्रतिबन्धहरु र राजश्व सम्बन्धि केहि प्रावधानहरु सुधारीए । परिणाम यस्तो हुन गयो, सामुदायिक वन उपभोक्ता समुहमा आबद्ध परिवारहरुले रोजगारी र आय आर्जनको अवसर पाए । गरीव, महिला तथा दलीतहरुलाई ग्राहयता दिई कार्यक्रम संचालन गर्दा केही समूहमा त उनीहरुको सहभागीता र हीतमा उल्लेखनीय बृद्धि भएको देखिन्छ । एकातीर स्थानीय स्रोतको उपयोग भयो भने सँगसँगै समुदायले आर्थिक मुनाफा पनि पाउदै गए । यसरी स्रोतको उपयोगीताबाट आर्थिक लाभ हुने थाहा पाएपछि समुदायले यसको संरक्षण र विकास गर्न पनि उत्तिकै जिम्मेवार हुन थाले जसबाट जैविक विविधताको संरक्षण गर्न सकिने भयो ।

यसबाट हाम्रो निचोड के छ भने आर्थिक, सामाजिक र वातावरणीय हिसावले सन्तुलित उद्यममुलक सामुदायिक वन व्यवस्थापन भएमा स्थानीय स्तरमा जिविकोपार्जनका आधारहरु सुनिश्चित पार्दै जैविक विविधताको संरक्षण पनि गर्न सकिने रहेछ ।  यसका लागि स्थानीय समुदायमा स्रोत माथि आफ्नो अधिकारको प्रत्याभुती तथा जिम्मेवारीपना हुनु अपरिहार्य छ । त्यसैगरी समुदायमा हुनुपर्ने ज्ञान, दक्षता, सहभागिता, प्रतिबद्धता का साथै सुचना प्रवाह, उपयूक्त नीति विकास र यसको कार्यान्वयन लगायत वन पैदावारको संरक्षण, संकलन, बेचविखन, बजार तथा मुनाफाका कुराहरु पनि उत्तिकै महत्वपुर्ण छन् ।